निर्णय नं. १ समीक्षा सम्बन्धमाः-

जिल्ला विपद व्यवस्थापन समितिको बैठकबाट विगतमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्था र विपद पूर्व तयारी सम्बन्धमा आगामी दिनमा गर्नुपर्ने तयारी तथा अपनाउनु पर्ने सावधानीको सम्बन्धमा समिक्षा भयो ।

निर्णय नं. २ राहत वितरण रकम अनुमोदन सम्बन्धमाः-

आ.व. ०७५/०७६ मा विपदबाट प्रभावित भएका र राहतको लागि माग गर्नेहरुलाई राहत स्वरुप वितरण गरिएको निम्नानुसारको रकम अनुमोदन गरियो ।

| | | |
|---|---|---|
| हावाहुरीबाट प्रभावितलाई | - | ९८५०००/- |
| विभिन्न किसिमका प्रकोप पीडितलाई | - | ६२०००/- |
| जम्मा | - | १०४७०००/- |

निर्णय नं. ३ जिल्ला विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ को अनुमोदन सम्बन्धमाः-

यस पूर्वका बैठकको निर्णयानुसार तयार गरिएको जिल्ला विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ माथि छलफल हुँदा बैठकबाट प्राप्त हुन आएका सुझावहरुलाई समावेश गरी आवश्यक परिमार्जन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ डेंगु रोगको संक्रमण नियन्त्रण सम्बन्धमाः-

- हाल चितवन जिल्लामा डेंगु रोगको संक्रमण विपदकै स्वरुपमा फैलिएको हुँदा यस रोगको रोकथाम तथा नियन्त्रण गर्न जिल्लाका ७ वटै स्थानीय विपद व्यवस्थापन समितिलाई आवश्यक निर्णय गरि विशेष प्रभावित क्षेत्रको किटान गरी प्रत्येक टोल टोलमा निर्वाचित जनप्रतिनिधि, स्वास्थ्यकर्मी, टोल विकास संस्था, आमा समूह, महिला स्वयं सेविका, सञ्चारकर्मी, युवा समूह, विभिन्न सरकारी तथा गैह सरकारी संघ संस्था निजी क्षेत्र सरकारी कर्मचारीहरुको सक्रिय सहभागितामा जनचेतनामूलक कार्यक्रम र **"लामखुट्टे खोज र नष्ट गर"** अभियान एकै साथ प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन अनुरोध गर्ने ।
- डेंगु रोगको प्रकोप बढ्दै गएको र प्रायः सबै अस्पतालमा डेंगु रोग परीक्षण गर्ने किटको अभाव भएकाले जिल्ला विपद व्यवस्थापन समिति र ७ वटै स्थानीय तहलाई स्थानीय विपद व्यवस्थापन कोषमा रहेको रकमबाट डेंगु किट खरिद गरी भरतपुर अस्पताल लगायत अन्य सम्बन्धित अस्पताललाई प्राथमिकता र आवश्यकतानुसार उपलब्ध गराउन अनुरोध गर्ने ।
- स्वास्थ्य कार्यालयले जिल्ला भरीका स्वास्थ्य संस्थाहरुमा डेंगु रोग परीक्षण गरेका बिरामीहरुको दैनिक तथ्याङ्क सम्बन्धित पालिकाको स्वास्थ्य महाशाखाबाट संकलन गरी सोको रिर्पोटिङ्ग दैनिक रुपमा

जितेन्द्र बस्नेत
जिल्ला अधिकारी

जिल्ला विपद व्यवस्थापन समिति, पत्रकार महासंघ लगायत सम्बन्धित निकायलाई उपलब्ध गराउने ।

- शिक्षा विकास तथा समन्वय इकाईले ७ वटै स्थानीय तहका शिक्षा महाशाखासंग समन्वय गरी सबै स्थानीय तहका शिक्षक, विद्यार्थी व्यवस्थापन समितिका पदाधिकारी लगायत सरोकारवालाहरुलाई सम्बन्धित पालिका हेर्ने विद्यालय निरीक्षकद्वारा डेंगु रोग नियन्त्रण तथा लामखुट्टे खोज र नष्ट गर्ने लगायत डेंगु रोग सम्बन्धी कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- जिल्ला भरी डेंगु रोगको अवस्था रोकथाम र नियन्त्रण गर्न गरिएका प्रयास, अपनाउनु पर्ने सावधानी, अस्पतालले पुरयाएको सेवाका सन्दर्भमा जनगुनासो तथा चासो, किटको उपलब्धताको अवस्था लगायत डेंगु रोग सम्बन्धी सूचना संकलन र प्रचार प्रसार रेडियो, टेलिभिजन, एफ.एम., पत्रपत्रिका मार्फत आम जनतासम्म प्रभावकारी ढंगले प्रसारण गर्न व्यवस्था मिलाउन पत्रकार महासंघ चितवनलाई अनुरोध गर्ने ।
- समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत चितवन जिल्लाका विभिन्न स्थानमा सञ्चालनमा आएका कबाडी पसल, वर्कसप, टायर बिक्री तथा रिपेयरिङ्ग पसलमा स्थलगत रुपमा पुगी चेतनामूलक कार्यक्रम र लामखुट्टे खोज र नष्ट गर कार्यक्रम एकै साथ सञ्चालन गरी अव्यवस्थित रुपमा सञ्चालन भएका यस्ता व्यवसाय र पसलहरुलाई व्यवस्थित गर्न जिल्ला प्रहरी कार्यालयले आफू अन्तरगतका निकायहरुलाई निर्देशन दिने र तत पश्चात पनि व्यवस्थित नहुने पसलहरुलाई आवश्यक कारवाही गर्ने ।

निर्णय नं. ५ विपद सम्बन्धी तालिमको जानकारी सम्बन्धमाः-

प्रमुख जिल्ला अधिकारी श्री जितेन्द्र बस्नेत ज्यूबाट अष्ट्रेलियामा अगष्ट ५-१८, २०१९ मा भएको 'Inclusive Governance for Effective DRR' सम्बन्धी तालिममा भएका सिकाई उपलब्धी र Return to Work Plan का सम्बन्धमा बैठकमा जानकारी भयो ।

जितेन्द्र बस्नेत
प्रमुख जिल्ला अधिकारी